apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१



संविधान संशोधन कार्यदलद्वारा पूर्वराष्ट्रपतिद्वय यादव र भण्डारीसँग सुझाव संकलन समाचार पृष्ठ २

● वर्षः १२ ● अंकः १३८ ● पृष्ठः ४ ● २२ जेठ २०८३ शुक्रबार (05 June 2026, Friday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

# एसइईमा जफत गरिएका एक करोडभन्दा बढी मूल्यका आइफोन, एन्ड्रोइड मोबाइल र स्मार्ट वाच नष्ट

## परीक्षा मर्यादा उल्लंघनमा प्रयोग भएका सामग्री प्रशासनद्वारा ध्वस्त, कानुनी आधार र निर्णय प्रक्रियामाथि बहस

**शुभ नारायण कामती**
**सिरहा, जेठ २१ गते**

माध्यमिक शिक्षा परीक्षा (एसइई) २०८२ का क्रममा सिरहाका विभिन्न परीक्षा केन्द्रबाट जफत गरिएका एक करोड रुपैयाँभन्दा बढी मूल्यका मोबाइल फोन तथा स्मार्ट वाच नष्ट गरिएपछि त्यसको कानुनी वैधता, प्रशासनिक प्रक्रिया, निजी सम्पत्तिको अधिकार तथा समान दण्डको सिद्धान्तबारे व्यापक बहस सुरु भएको छ। परीक्षा अनुशासन कायम गर्ने उद्देश्यले गरिएको भनिएको उक्त निर्णयलाई लिएर कानुनविद्, अभिभावक तथा शिक्षा क्षेत्रका सरोकारवालाहरूले विभिन्न प्रश्न उठाएका छन्।

जिल्ला परीक्षा समन्वय समिति सिरहाको निर्देशनमा गठित उपसमितिले सात वटा आइफोन, ४८९ वटा विभिन्न कम्पनीका एन्ड्रोइड मोबाइल तथा पाँच वटा स्मार्ट वाच नष्ट गरेको जनाएको छ। बरामद गरिएका सामग्रीको अनुमानित बजार मूल्य एक करोड रुपैयाँभन्दा बढी रहेको बताइएको छ।




शिक्षा विकास तथा समन्वय इकाइ सिरहाका शाखा अधिकृत राजदेव यादवको संयोजकत्वमा गठित पाँच सदस्यीय उपसमितिमा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल नेपाल तथा राष्ट्रिय अनुसन्धान कार्यालयका प्रतिनिधि सहभागी थिए। उपसमितिका अनुसार जफत गरिएका मोबाइलहरू २४ घण्टासम्म पानीमा राखेर प्रयोगविहीन बनाइएको र त्यसपछि नष्ट गरिएको हो।

जिल्ला परीक्षा समन्वय समिति सिरहाका अनुसार मधेश प्रदेशकी तत्कालीन शिक्षामन्त्री रानी शर्मा तिवारीले एसइई परीक्षामा प्रयोग भएका मोबाइल फोन नष्ट गर्ने निर्देशन दिएकी थिइन्। सोही निर्देशन तथा जिल्ला परीक्षा समन्वय समिति सिरहाको मिति २०८२ चैत १६ गतेको निर्णयबमोजिम उक्त निर्णय कार्यान्वयन गरिएको समितिले जनाएको छ।

तर, उक्त निर्णयको कानुनी आधार र अधिकार क्षेत्रबारे भने बहस तीव्र बन्दै गएको छ। शिक्षा क्षेत्रका जानकारहरूका अनुसार परीक्षा सञ्चालन निर्देशिकाले परीक्षा केन्द्रमा

बाँकी पृष्ठ ३ ▸▸

## मधेशमा मन्त्रालय संख्या घटाउन कार्यदल गठन




**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ २१ गते**

मधेश सरकारले मन्त्रालयहरूको संख्या घटाउन कार्यदल बनाएको छ। मधेशका अर्थमन्त्री युवराज भट्टराईको संयोजकत्वमा तीन सदस्य कार्यदल गठन भएको छ।

मन्त्रिपरिषद्को मंगलबार बसेको बैठकले कार्यदल गठन गर्ने निर्णय गरेको हो।

कार्यदलको सदस्यमा मुख्यमन्त्री कार्यालयकी सचिव पार्वती शर्मा र ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयका सचिव होमनाथ पौडेल रहेका छन्।

सत्ता समीकरण फेरिएपछि सत्ता घटक तीन दलबीच भएको १५ बुँदे सहमतिमा मन्त्रालयको संख्या घटनाउने उल्लेख थियो।

अहिले मधेशमा मुख्यमन्त्री कार्यालयसहित १२ मन्त्रालय छ। ९ मन्त्रालयमा सीमित गर्ने सहमति तीन दलबीच छ।

# जातीय विभेद र छुवाछूतप्रति जनप्रतिनिधि र राज्यसंयन्त्रकै बेवास्ता भएको सरोकारवालाको गुनासो

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ २१ गते**

जनप्रतिनिधि र राज्य संयन्त्रकै बेवास्ताका कारण समाजमा व्याप्त जातीय विभेद र छुवाछूत अन्त्य हुन नसकेको सरोकारवालाले बताएका छन्। बिहीबार गोलबजारमा आयोजित मधेशी दलित समुदायले भोग्नुपरेका समस्या र त्यसको समाधानका लागि सरोकारवालाको भूमिकासम्बन्धी कार्यक्रमका अधिकांश वक्ताले यस्तो बताएका हुन्।

दलित समुदायका मुद्दा लिएर चुनावका बेला मत माग्ने नेताहरू




सत्तामा पुगेपछि दलितका मुद्दा बिर्सिने गरेको र राज्य संयन्त्र पनि यसप्रति गम्भीर नबन्दा जातीय विभेद र छुवाछूत कायमै रहेको वक्ताहरूको भनाइ थियो। 'दलितमाथि विभेद हुँदा न प्रहरी प्रशासनले गम्भीरतापूर्वक लिन्छ, न त जनप्रतिनिधिले नै चासो देखाउँछन्,' मधेश प्रदेशका

बाँकी पृष्ठ २ ▸▸

### सिरहा नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत प्रसंग

# सोनुको सरुवा, मुस्तफा आउँदै

**रुन्केश कामती/अपन दैनिक**
**सिरहा, जेठ २१ गते**

सिरहा नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको विषयले निकास पाउने भएको छ। विवादकाबीच प्रमुख प्रशासकीय अधिकृत विनयकुमार सोनुको सरुवा भएको छ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सोनुलाई जिल्ला समन्वय समिति बारामा सरुवा गरेको छ भने उनको स्थानमा महमद शेरे मुस्तफा आउने भएका छन्। नगरपालिकाभित्र बजेटको पारदर्शिता, विगतका योजनाको भुक्तानी तथा प्रशासनिक




विनयकुमार सोनु
महमद शेरे मुस्तफा

कार्यसम्पादनलाई लिएर लामो समयदेखि विवाद चर्किँदै आएको छ। विवादकै क्रममा मंगलबार सिरहा

बाँकी पृष्ठ ३ ▸▸

पानीको सदुपयोग र स्रोतको संरक्षण गरौं

- धारा खुला छोड्ने बानी त्यागौं।
- वर्षाको पानी संकलन र पुन:प्रयोग प्रणाली अपनाऔं।
- नदी, ताल, पोखरी तथा मुहानहरूमा फोहर नफालौं।
- घर तथा कृषि क्षेत्रमा पानी बचत गर्ने प्रविधि प्रयोग गरौं।
- प्लास्टिक तथा रासायनिक पदार्थले पानी प्रदूषण नगरौं।
- वृक्षारोपण गरी जलस्रोत संरक्षण गरौं।
- भावी पुस्ताका लागि पानी बचत गर्ने बानी बसालौं।

पानी जीवन हो-यसको संरक्षण हाम्रो कर्तव्य हो।

नेपाल सरकार
विज्ञापन बोर्ड






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

# संविधान संशोधन कार्यदलद्वारा पूर्वराष्ट्रपतिद्वय यादव र भण्डारीसँग सुझाव संकलन



संविधान संशोधनका लागि बहसपत्र तयार गर्न गठित कार्यदलले पूर्वराष्ट्रपतिद्वय डा. रामवरण यादव र विद्यादेवी भण्डारीसँग छुट्टाछुट्टै भेट गरी संविधान संशोधनका विषयमा महत्वपूर्ण सुझाव संकलन गरेको छ।

नेपालको संविधानलाई समयसापेक्ष, व्यावहारिक र थप सुदृढ बनाउने उद्देश्यका साथ उनीहरूबाट मार्गदर्शक सुझावहरू संकलन गरिएको हो।

प्रधानमन्त्री वालेन्द्र शाहका राजनीतिक सल्लाहकार अशिम शाहको संयोजकत्वमा गठित कार्यदलले पूर्वराष्ट्रपतिद्वय डा. यादव र भण्डारीको निवासमै पुगेर राष्ट्रिय हित र प्रणालीगत सुधारका विषयमा केन्द्रित भई महत्वपूर्ण छलफल गरेको हो।

पूर्वराष्ट्रपति डा. यादवले जतिसक्दो फराकिलो राष्ट्रिय सहमति कायम गरेर मात्र बहसपत्र तयार पार्न कार्यदललाई सुझाव दिएका छन्। नेपाली जनताको निकै ठूलो संघर्ष, अनवरत बलिदान र संविधानसभाको समय थपेर गहन छलफलका बीच जारी भएको संविधानको मूल मर्मलाई जीवन्त राख्नु आजको आवश्यकता भएको उनले प्रस्ट पारे।

उनले संविधानमा व्यवस्था गरिएका संघीयता, लोकतन्त्र, गणतन्त्र, धर्मनिरपेक्षता र समानुपातिक समावेशी जस्ता मुख्य स्तम्भहरूलाई अक्षुण राख्दै नयाँ पुस्ताका बदलिँदा माग र भावनालाई ध्यानमा राखेर अघि बढ्नुपर्नेमा विशेष जोड दिए।

कार्यदलले बहसपत्र तयार पार्न अपनाएको हालको प्रक्रिया सकारात्मक र लोकतान्त्रिक रहेको उल्लेख गर्दै उनले संशोधनका लागि पर्याप्त समय लिएरै भए पनि गहन गृहकार्य गर्नुपर्ने आवश्यकता औंल्याए।

यो राष्ट्रिय सरोकारको विषय भएकाले यसका लागि सकेसम्म संसद्मा रहेका सबै राजनीतिक दलहरूको, नभए दुईतिहाइको र त्यो पनि सम्भव नभए स्पष्ट बहुमतको सहमति लिनु श्रेयस्कर हुने उनको धारणा छ।

संविधान निर्माणका बेला देशका सबै राजनीतिक दल, विभिन्न जातजाति र सामाजिक विविधतालाई प्राथमिकता दिइएको स्मरण गराउँदै पूर्वराष्ट्रपति यादवले अब संशोधनको बहसपत्र तयार गर्दा पनि नेपाली समाजको यही विविधतालाई विशेष सम्मान र ध्यान दिन आग्रह गरे।

लोकतन्त्रको वास्तविक सुन्दरता नै समाजको अन्तिम पङ्क्तिमा रहेका नागरिकहरूको उत्थानमा हुने धारणा राख्दै उनले सडकको छेउमा गिटी कुटिरहेका श्रमजीवीहरू, हलो जोत्ने किसानहरू, सुकुम्बासी तथा विपन्न वर्गको मर्म र आवश्यकतालाई बुझेर उनीहरूको हित अनुकूल हुने गरी संशोधनका अक्षरहरू लेखिनुपर्ने धारणा व्यक्त गरे।

यसैगरी, लोकतन्त्रको सुदृढीकरणका लागि जनताले दिएको म्यान्डेटको रचनात्मक प्रयोग हुनुपर्ने र विगतका ऐतिहासिक उपलब्धिलाई संस्थागत गरिनुपर्नेमा उनको जोड थियो । वर्तमान संसदीय प्रणालीलाई थप बलियो र जनमुखी बनाउन आवश्यक रहेको औंल्याउँदै उनले यसका लागि विश्वका अन्य सफल लोकतान्त्रिक मुलुकहरूको असल अभ्यास र शैलीलाई पनि आत्मसात् गर्न सकिने सुझाव दिएका छन्।

जुनसुकै असहज परिस्थिति सिर्जना भए पनि विचलित नभई धैर्यतापूर्वक सबै पक्षका कुरा सुन्दै, बुझ्दै र साझा सुझावहरू समेट्दै अघि बढ्न उनले कार्यदलका सदस्यहरूलाई प्रेरित गरेका छन्।

यसैगरी, पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले पनि संसद्मा झन्डै दुईतिहाइ मत ल्याएको दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले संविधान संशोधनको यो राजनीतिक प्रक्रिया सुरु गर्नु सकारात्मक भएको उल्लेख गर्दै कार्यदलले अपनाएको कार्यशैली र प्रक्रियाको सराहना गरिन्।

यो कार्यदल आधिकारिक रहेको स्पष्ट पार्दै उनले यो ऐतिहासिक काम सफलतापूर्वक सम्पन्न होस् भनी शुभकामना समेत व्यक्त गरिन्।

संविधान आफैंमा एउटा राजनीतिक सम्झौताको दस्तावेज भएकाले यसको संशोधन गर्दा पनि बृहत् राष्ट्रिय सहमति कायम गरेर अघि बढ्नु आवश्यक रहेको र विशेष गरी निर्णायक मत बोकेका दलहरूले चाहेमा आपसी सहमतिमा संविधान संशोधनको कार्यलाई सहज रूपमा अगाडि बढाउन सक्ने उनको धारणा छ।

महिला सहभागिता र समावेशीताको सवालमा पूर्वराष्ट्रपति भण्डारीले संविधानमा सुनिश्चित गरिएको महिलाहरूको एकतिहाइ सहभागिताको उपलब्धिलाई रक्षा गर्दै यसलाई अझ बढी व्यावहारिक बनाउनुपर्नेमा जोड दिएकी छन्।

हालको समानुपातिक प्रणाली इमानदार र क्षमतावान् कार्यकर्ताका लागि हुनुपर्नेमा यसको दुरुपयोग बढेको र यसले ठूला दलहरूलाई बदनाम गराएकाले अब प्रत्यक्ष निर्वाचन प्रणालीमै महिलाहरूको संख्या स्पष्ट रूपमा निर्धारण गरिनुपर्ने उनको सुझाव छ। यसका लागि प्रमुख नेताहरू प्रत्यक्ष चुनावमा नउठी ती सिटहरू महिलाका लागि सुरक्षित गर्ने वा महिलाहरूलाई पनि प्रत्यक्षतर्फ संघर्षशील रूपमा अगाडि बढाउने खालको संवैधानिक सुधार आवश्यक रहेको उनले बताइन्।

यसैगरी, राजदूत नियुक्तिको सम्बन्धमा सरकार परिवर्तन हुनासाथ राजदूतहरूलाई फिर्ता बोलाउने वा हटाउने परिपाटी परिमार्जन हुनुपर्ने धारणा उनले व्यक्त गरिन्। संसदीय सुनुवाइ समितिमा विस्तृत सुनुवाइ प्रक्रिया पूरा गरेर नियुक्त भइसकेका राजदूतहरूलाई सरकार फेरिँदैमा हटाउनु न्यायसंगत नहुने उनको तर्क छ।

यसका साथै, संविधानद्वारा व्यवस्था गरिएका कतिपय नयाँ आयोगहरू गठन भएको १० वर्ष पुग्न लागेकाले अब तिनको कार्यप्रणाली र उपादेयताबारे गम्भीर पुनर्मूल्याङ्कन गर्न आवश्यक भइसकेको उनले प्रस्ट पारिन्।

वर्तमान संविधानलाई समयअनुकूल बनाउन र हिजोका दिनमा अभ्यासका क्रममा देखिएका कतिपय कमजोरीहरूलाई सुधार गरेर नै संशोधन गरिनुपर्ने उनको भनाइ छ।

मुलुकको दीर्घकालीन हितका लागि राजनीतिक प्रणाली, शासकीय स्वरूप र राजनीतिक ढाँचाका बारेमा राजनीतिक दलहरू दलीय वा व्यक्तिगत स्वार्थ र कुनै पनि आग्रह-पूर्वाग्रहभन्दा माथि उठेर राष्ट्रिय स्वार्थका आधारमा गम्भीर छलफलमा जुट्नुपर्ने उनको सुझाव छ।

पूर्वराष्ट्रपतिद्वय सँगको महत्वपूर्ण छलफलपछि कार्यदलले पूर्वप्रधानमन्त्रीहरूलाई समेत भेटेर संविधान संशोधनका विषयमा सुझाव संकलन गर्ने गृहकार्य अघि बढाएको छ।

## सम्पादकीय...

# विद्यार्थीको गल्तीमा सिडियोको लापरबाही

गत चैतमा सम्पन्न भएको माध्यमिक शिक्षा परीक्षा -एसईई) को नतिजा सरकारले अपेक्षाकृत छिटो सार्वजनिक गर्ने वातावरण बनायो। यसले विगतमा महिनौँसम्म नतिजा पर्खिनुपर्ने बाध्यताको अन्त्य गर्दै विद्यार्थी र अभिभावकलाई केही राहत दिएको छ। तर यही परीक्षासँग सम्बन्धित एउटा घटनाले शिक्षा प्रशासन, कानुनी प्रक्रिया र नागरिक अधिकारका विषयमा गम्भीर बहस जन्माएको छ। सिरहा जिल्लाका विभिन्न परीक्षा केन्द्रबाट संकलन गरिएका ४९६ थान मोबाइल फोन र स्मार्टवाच नष्ट गरिएको छ। परीक्षामा मोबाइल वा अन्य विद्युतीय उपकरण लैजान निषेध गरिएको हुन्छ। यस्तो नियमको उद्देश्य परीक्षा प्रणालीलाई निष्पक्ष, मर्यादित र व्यवस्थित बनाउनु हो। नियम उल्लंघन गर्ने विद्यार्थीमाथि आवश्यक कारबाही हुनु स्वाभाविक पनि हो। तर कारबाहीको नाममा जफत गरिएका व्यक्तिगत सामग्री नै नष्ट गरिनु कति उचित हो भन्ने प्रश्न अहिले उठेको छ।

नष्ट गरिएका मोबाइल तथा स्मार्टवाचको मूल्य करिब एक करोड रुपैयाँ हाराहारीको रहेको छ। यो रकम वस्तुको मूल्य मात्र होइन, सयौँ परिवारको मेहनत, लगानी र आर्थिक अवस्थासँग पनि जोडिएको विषय हो। विद्यार्थीले परीक्षा नियम उल्लंघन गरेको भए पनि त्यसको सजाय अभिभावकले किन भोग्नुपर्ने ? एउटा गल्तीका कारण व्यक्तिगत सम्पत्ति नै नष्ट गरिनु न्यायसंगत मान्न सकिँदैन। राज्यका निकायहरूले कानुनको शासनभित्र रहेर काम गर्नुपर्छ। कुनै पनि व्यक्तिको सम्पत्ति जफत गर्ने, फिर्ता गर्ने वा नष्ट गर्ने प्रक्रिया कानुनी आधार र स्पष्ट निर्णयका आधारमा मात्र हुनुपर्छ। यदि यस्तो कार्य कानुनी प्रक्रिया पूरा नगरी गरिएको हो। यसले राज्यका निकायप्रतिको नागरिक विश्वास कमजोर बनाउँछ। अझ परीक्षा व्यवस्थापनको नाममा गरिएको यस्तो कदमले प्रशासनिक अधिकारको सीमाबारे पनि प्रश्न उठाउँछ।

सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलको सक्रियतामा एक करोड हाराहारीको मोबालई नष्ट गर्नु गम्भीर विषय हो। यस घटनाले अर्को महत्वपूर्ण पक्ष पनि उजागर गरेको छ। परीक्षा केन्द्रमा मोबाइल लैजान नदिने जिम्मेवारी परीक्षा व्यवस्थापन पक्षको पनि हो। विद्यार्थीबाट संकलन गरिएका सामग्री सुरक्षित राख्ने दायित्व सम्बन्धित निकायको हुन्छ। यदि ती सामग्री नष्ट गरिएका छन् भने त्यसको जिम्मेवारी कसले लिने ? यसबारे स्पष्ट जवाफ आउन आवश्यक छ। शिक्षाको उद्देश्य विद्यार्थीलाई अनुशासन सिकाउनु मात्र होइन, न्याय, उत्तरदायित्व र कानुनी प्रक्रियाको सम्मान गर्न पनि सिकाउनु हो। यदि अनुशासन कायम गर्ने नाममा अत्यधिक र असन्तुलित दण्ड दिइन्छ भने त्यसले सकारात्मक सन्देश दिन सक्दैन। बरु विद्यार्थी र अभिभावकमा राज्यप्रति असन्तोष र अविश्वास बढ्न सक्छ। त्यसैले सिरहामा भएको मोबाइल तथा स्मार्टवाच नष्ट गर्ने घटनाको निष्पक्ष छानबिन हुनुपर्छ। यस कार्यको कानुनी आधार, निर्णय प्रक्रिया र जिम्मेवार पक्षबारे स्पष्ट जानकारी सार्वजनिक गरिनुपर्छ। भविष्यमा यस्ता घटना दोहोरिन नदिन स्पष्ट कार्यविधि पनि बनाउन आवश्यक छ। अनुशासन कायम गर्ने नाममा नागरिकको सम्पत्ति नष्ट गर्ने प्रवृत्ति लोकतान्त्रिक शासन व्यवस्था र कानुनी राज्यको सिद्धान्तसँग मेल खाँदैन। विद्यार्थीको गल्तीलाई सच्याउने उपाय खोजिनुपर्छ, तर त्यसको सजाय अभिभावक र परिवारमाथि आर्थिक बोझका रूपमा थोपरिनु हुँदैन।

## आजको राशिफल

**मेष :** कार्यक्षेत्रमा धैर्य र संयमता अपनाउँदै अघि बढ्दा सफलता हासिल गर्न सकिनेछ।

**बृष :** पारिवारिक वा व्यक्तिगत कारणले निकटजनसँग अस्थायी दूरी हुनसक्छ।

**मिथुन :** नयाँ अवसरको खोजी र दीर्घकालीन योजना निर्माणका लागि समय अनुकूल रहनेछ।

**कर्कट :** नयाँ कार्य वा जिम्मेवारीले सम्मान र लाभ दुवै दिलाउने संकेत देखिन्छ।

**सिंह :** सामाजिक तथा सार्वजनिक क्षेत्रमा सक्रियता बढ्नेछ। मान-प्रतिष्ठा र प्रभाव विस्तार हुने संकेत छन्।

**कन्या :** केही विवाद वा असहज परिस्थितिको सामना गर्नुपर्ने सम्भावना देखिएकाले संयमता र सतर्कता आवश्यक हुनेछ।

**तुला :** नयाँ अवसर प्राप्त हुने तथा आम्दानीका स्रोत विस्तार हुने सम्भावना देखिन्छ।

**वृश्चिक :** स्वास्थ्यमा सामान्य कमजोरी अनुभव हुनसक्छ, त्यसैले आराम र नियमित जीवनशैलीमा ध्यान दिनु आवश्यक छ।

**धनु :** चुनौतीपूर्ण परिस्थितिका बीच पनि लक्ष्य प्राप्त गर्न सकिने सम्भावना देखिन्छ।

**मकर :** कामकाजमा केही सुस्तता अनुभव हुन सक्छ, तर निरन्तर मेहनत र धैर्यले प्रगतिको मार्ग खुल्नेछ।

**कुम्भ :** दिन उत्साहपूर्ण र प्रेरणादायी रहनेछ। नयाँ मित्रता तथा सामाजिक सम्बन्ध विस्तार हुने सम्भावना छ।

**मीन :** विद्यार्थीहरूका लागि अध्ययनमा उत्साहजनक परिणाम प्राप्त हुने संकेत छन्।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

## जातीय विभेद र छुवाछूतप्रति जनप्रतिनिधि .......

पूर्वराज्यमन्त्रीसमेत रहेका जसपा नेपालका सचिव सुरेशकुमार मण्डलले भने, 'यो नै मूल समस्या हो।'

मुलुकमा धर्मका नाममा हुँदै आएको राजनीतिका कारण पनि जातीय विभेद तथा छुवाछूत हट्न नसकेको सचिव मण्डलले बताए। धर्म र जातको नाममा गरिने राजनीतिक अभ्यासले सामाजिक विभाजनलाई बढावा दिएको उनको भनाइ थियो।

यस्तै, मधेश प्रदेशसभा सदस्य संजिला यादवले समाजमा विद्यमान जातीय विभेद र छुवाछूतको अन्त्यका लागि सबै पक्ष जिम्मेवार र संवेदनशील हुनुपर्ने बताइन्। दलित समुदायले अझै पनि विभिन्न प्रकारका सामाजिक, आर्थिक तथा राजनीतिक विभेद भोगिरहेको बताउँदै उनले उनीहरूको अधिकार सुनिश्चित गर्न राज्य, राजनीतिक दल तथा नागरिक समाजले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिइन्।

कार्यक्रममा विष्णुपुर गाउँपालिकाका अध्यक्ष सत्यनारायण यादव, कर्जन्हा नगरपालिकाकी उप-प्रमुख लक्ष्मीकुमारी श्रेष्ठ, दलित अगुवा संजय महरा तथा स्थानीयसमेत सहभागी थिए।




**लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं ।**

AD
अपन दैनिक
सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक, मधेश प्रदेश सिरहा नेपाल

# जनकपुरधाममा विकासको मेगा प्याकेज: सडक सुधारदेखि पर्यटन प्रवर्द्धनसम्म

अपन दैनिक संवाददाता
जनकपुरधाम, जेठ २१ गते

सामान्य वर्षामै बजार क्षेत्र जलमग्न बन्ने र पैदल यात्रुहरू सुरक्षित रूपमा हिँड्न नसक्ने समस्या जनकपुरधामवासीका लागि नयाँ होइन। दशकौँदेखि दोहोरिँदै आएको यही शहरी अव्यवस्थालाई अन्त्य गर्ने लक्ष्यसहित अहिले जनकपुरधाममा दुई अर्ब रुपैयाँभन्दा बढीको पूर्वाधार विकास परियोजना अघि बढाइएको छ।

जनकपुरधाम उपमहानगरपालिकाको पहल, नेपाल सरकारको सहयोग तथा दक्षिण एशियाली विकास बैंक(एडीबी) को वित्तीय साझेदारीमा सञ्चालित अर्बन रेजिलियन्स एन्ड लिभेबिलिटी इम्प्रुभमेन्ट प्रोजेक्ट (यूआरएलआईपी) अन्तर्गत कुल २ अर्ब १३ करोड रुपैयाँ लगानी हुने भएको छ।

परियोजनाको पहिलो चरणमा १ अर्ब ६५ करोड रुपैयाँभन्दा बढीको लागतमा २३.९ किलोमिटर कालोपत्रे सडक, ९.६ किलोमिटर नाला निर्माण, खानेपानी पाइप व्यवस्थापन तथा विद्युत् पोल पुनःव्यवस्थापनको काम गरिनेछ। यसका लागि अन्तर्राष्ट्रिय बोलपत्र आह्वान भइसकेको जनकपुरधाम उपमहानगरपालिका प्रमुख मनोज कुमार साहले बताए।

जनकपुरधाममा सडकको समस्या मात्र होइन, व्यवस्थित ड्रेनेज प्रणालीको अभाव ठूलो समस्याको रूपमा रहेको छ। सानो वर्षामै मुख्य सडक, बजार क्षेत्र तथा बस्तीहरूमा पानी जम्ने समस्या वर्षौंदेखि दोहोरिँदै आएको छ। स्थानीयवासीहरूका अनुसार सडक निर्माणसँगै प्रभावकारी नाला निर्माण हुन सके मात्रै जनकपुरधामले वास्तविक राहत पाउनेछ। अन्यथा नयाँ सडकसमेत केही वर्षमै क्षतिग्रस्त हुने जोखिम रहिरहन्छ। परियोजनामा सडकसँगै ड्रेनेज प्रणालीलाई प्राथमिकता दिइएको प्रमुख साहले बताए।

नगरप्रमुख साहका अनुसार कुल लागतको ७५ प्रतिशत रकम संघीय सरकारको अनुदान, ८ प्रतिशत उपमहानगरपालिकाको लगानी तथा १७ प्रतिशत रकम ऋणको रूपमा रहेको छ। यस हिसाबले करिब ३६ करोड २१ लाख रुपैयाँ बराबरको ऋण मात्रै नगरपालिकाले दीर्घकालीन रूपमा तिर्नुपर्नेछ। स्थानीय सरकारका लागि ठूलो पूर्वाधार निर्माणमा अपेक्षाकृत कम ऋण भार भएको यो मोडेललाई चौतर्फी प्रशंसा गरिएको छ।



त्यसैगरी, सडक र नालाको कामपछि दोस्रो चरणमा जनकपुरधामका ऐतिहासिक तथा धार्मिक महत्त्वका पोखरीहरूको सौन्दर्यीकरण गर्ने योजना छ।

यसअन्तर्गत रत्नसागर, सामसागर, धनुषसागर र विसहरा पोखरीलाई व्यवस्थित बनाउने तयारी भइरहेको छ। मेयर साहका अनुसार यसको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) अन्तिम चरणमा पुगेको छ।

धार्मिक तथा सांस्कृतिक पर्यटनको केन्द्रका रूपमा रहेको जनकपुरधाममा यी पोखरीहरूको संरक्षणले पर्यटन प्रवर्द्धनमा समेत योगदान पुग्ने अपेक्षा गरिएको छ। यद्यपि, परियोजनाप्रति उत्साह जति छ, चुनौती पनि उत्तिकै छन्। विगतमा जनकपुरधाममा भएका केही विकास निर्माणका काम समयमै सम्पन्न नहुने, गुणस्तरमा प्रश्न उठ्ने तथा विभिन्न विवादमा तानिने गरेका उदाहरण छन्।

शहरी विकासका विज्ञहरूका अनुसार यस्ता परियोजनाको सफलता बजेटको आकारले होइन, निर्माणको गुणस्तर, समयसीमा, प्राविधिक मापदण्डको पालना र प्रभावकारी अनुगमनले निर्धारण गर्छ। जनकपुरधाम धार्मिक तथा सांस्कृतिक पर्यटनको प्रमुख केन्द्र भएकाले आधुनिक सडक, व्यवस्थित फुटपाथ, प्रभावकारी ड्रेनेज प्रणाली तथा सौन्दर्यीकरण सार्वजनिक स्थल निर्माण भएपछि पर्यटकको बसाइ अवधि र आवागमन दुवै बढ्ने अपेक्षा गरिएको छ।

विशेषगरी जानकी मन्दिर, राम-जानकी विवाहस्थल तथा विभिन्न धार्मिक पोखरीसम्म पुग्ने पहुँच सहज हुँदा आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न मद्दत पुग्ने विश्वास गरिएको छ।

पर्यटन गतिविधि विस्तारसँगै होटल, रेष्टुरेन्ट, यातायात, हस्तकला, खुद्रा व्यापार तथा अन्य सेवा क्षेत्रको कारोबार बढ्ने अपेक्षा गरिएको छ। स्थानीय व्यवसायीहरूका अनुसार शहरी पूर्वाधारमा सुधार आएपछि निजी लगानी आकर्षित हुने, रोजगारीका अवसर सिर्जना हुने र समग्र स्थानीय अर्थतन्त्र चलायमान बन्ने सम्भावना छ।

जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख साहले उक्त परियोजना सडक र नाला निर्माणमा सीमित नभइ शहरको आर्थिक भविष्यसँग जोडिएको बताए। व्यवस्थित र आकर्षक शहर निर्माण हुन सके जनकपुरधाम धार्मिक पर्यटनको क्षेत्रीय केन्द्रका रूपमा थप स्थापित हुने तथा त्यसबाट स्थानीय आय, व्यवसाय र राजस्व वृद्धिमा दीर्घकालीन योगदान पुग्नेछ।


## सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं।
- आपसी समझदारी, सहिष्णुता र भाईचारा बढाऔं।
- घृणा, विभेद र हिंसाजन्य व्यवहार त्यागौं।
- पर्व-उत्सवहरू मिलेर मनाऔं।
- अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं।
- संवाद र सहकार्यबाट विवाद समाधान गरौं।
- शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं।

विविधतामा एकता भन्ने भावना विकास गरौं।

विष्णुपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुर
मधेश प्रदेश, सिरहा (नेपाल)







# छिन्नमस्ता गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतमाथि दुर्व्यवहार गर्नेलाई कारबाहीको माग

अपन दैनिक संवाददाता
सप्तरी, जेठ २१ गते

सप्तरीको छिन्नमस्ता गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत केशव कुमार झामाथि कार्यकक्षमै दुर्व्यवहार भएको छ।

बिहीबार गाउँपालिकाका कर्मचारीहरूले एक विज्ञप्ति प्रकाशित गरी हिजो (बुधबार) ५७ वर्षीय झामाथि एक समूहले कार्यकक्षमै दुर्व्यवहार गरेको भन्दै कारबाहीको माग गरेका छन्।

उक्त समूहले प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षमा प्रवेश गरी दुर्व्यवहार गर्नुका साथै कुर्सीबाट लडाउने, अपशब्द प्रयोग गर्ने र कार्यालयको झ्यालका सिसा लगायतका सार्वजनिक सम्पत्ति तोडफोड गरी ठूलो क्षति पुऱ्याएको विज्ञप्तिमा उल्लेख छ। कर्मचारीहरूले दोषीमाथि कारबाहीको माग गर्दै कडाभन्दा कडा कारबाही गर्न स्थनीय प्रशासनसँग माग गरेका छन्।

विद्यालय जस्तो पवित्र क्षेत्रलाई नै विवादमा तान्नेगरी एक समूहले श्री माध्यमिक विद्यालय लालापट्टिका विद्यार्थीहरुको गलत प्रयोग गरेर गाउँपालिकाका विरुद्ध प्रदर्शन गराएको उक्त गाउँपालिकाका अध्यक्ष विद्यान्द चौधरीले बताए।



विद्यालयमा पंखा र खानेपानी जस्ता भौतिक सुविधाहरू गाउँपालिकाले उपलब्ध गराइसकेको अवस्थामा पनि गलत अफवाह फैलाएर शैक्षिक क्षेत्रमा नराम्रो नजिर स्थापित गर्न खोजिएको कर्मचारीहरुको विज्ञप्तिमा समेत उल्लेख छ।

यस विषम परिस्थितिलाई मध्यनजर गर्दै गाउँपालिकाका कर्मचारीहरूले चारबुँदे माग सार्वजनिक गरेका छन्। उनीहरूले कार्यकक्षमा दुर्व्यवहार र तोडफोडमा संलग्न मुख्य योजनाकार तथा व्यक्तिहरूको तत्काल पहिचान गरी कानुनी दायरामा ल्याउन स्थानीय प्रशासन र प्रहरीसँग माग गरेका छन्।

साथै, बालबालिकाको मनोविज्ञान र भविष्यमा नकारात्मक असर पर्ने गरी उनीहरूलाई राजनीतिक रिसिइबी साध्ने माध्यम नबनाउन समेत सम्बन्धित पक्षलाई सचेत गराइएको छ।

कर्मचारीहरूले आफूहरू असुरक्षित महसुस गरिरहेको वर्तमान अवस्थामा कार्यालय सञ्चालनका लागि आवश्यक शान्ति सुरक्षाको पूर्ण प्रत्याभूति नभएसम्म र दोषीलाई कारबाही नभएसम्म कामकाजमा बाधा पुग्न सक्ने चेतावनी दिएका छन्।

## सिरहा नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत .............

नगरपालिकाको लेखा शाखामा पुनः तालाबन्दी गरिएको छ।

यसअघि एक साताअघि पनि केही वडाध्यक्षहरूले लेखा शाखामा तालाबन्दी गरेका थिए। प्रमुख प्रशासकीय अधिकृतको भूमिकामाथि प्रश्न उठाउँदै समस्या समाधानका लागि दबाबस्वरूप तालाबन्दी गरिएको जनाइएको छ। वडा नं. २ का अध्यक्ष राकेश कुमार यादव तथा वडा नं. ६ का अध्यक्ष इन्द्रजित यादवको नेतृत्वमा गरिएको तालाबन्दीमार्फत कार्यपालिका बैठक तत्काल बोलाउन, विकास योजनाहरू आवश्यकता अनुसार संशोधन गर्न तथा प्रमुख प्रशासकीय अधिकृतलाई नियमित रूपमा कार्यालयमा उपस्थित गराउन माग गरिएको छ। वडाध्यक्ष राकेश यादवले बजेटमा गरिएको विभेद अन्त्य गर्न तथा नगरपालिकामा देखिएका समस्याको समाधानका लागि कार्यपालिका बैठक आवश्यक रहेको बताए। वडाध्यक्ष इन्द्रजित यादवले जनप्रतिनिधिले उठाएका विषय सम्बोधन हुन नसकेको भन्दै समस्या समाधानका लागि कार्यपालिका बैठक अनिवार्य रहेको धारणा व्यक्त गरे।

वडाध्यक्षहरूको भनाइ अनुसार लामो समयदेखि कार्यपालिका बैठक नियमित रूपमा बस्न नसक्दा नगरपालिकाका नीतिगत तथा विकाससम्बन्धी निर्णय प्रभावित भएका छन्। यसको प्रत्यक्ष असर बजेट कार्यान्वयन, योजना सञ्चालन तथा सेवा प्रवाहमा परेको उनीहरूको आरोप छ। यता नगर प्रमुख डा. नवीनकुमार यादव ले घटनालाई फरक ढंगले व्याख्या गरेका छन्। उनका अनुसार प्रमुख प्रशासकीय अधिकृत सोनु प्रशासनिक जिम्मेवारीभन्दा राजनीतिक गतिविधिमा बढी केन्द्रित भएका थिए। नगर प्रमुख यादवले सोनु नियमित रूपमा कार्यालयमा उपस्थित नहुने तथा आफ्नो सरुवाको प्रक्रिया अगाडि बढेपछि मंगलबार केही वडाध्यक्षलाई उक्साएर तालाबन्दी गराएको आरोप लगाए। नगर प्रमुख यादवले नगरपालिकाको प्रशासनिक कामभन्दा व्यक्तिगत स्वार्थ र राजनीतिक गतिविधिलाई प्राथमिकता दिइएको दाबी गरे।

स्थानीय तहका जानकारहरूका अनुसार जनप्रतिनिधि र प्रशासनिक नेतृत्वबीचको असमझदारीले स्थानीय सरकारको कार्यसम्पादन, बजेट कार्यान्वयन, विकास आयोजना सञ्चालन तथा नागरिक सेवा प्रवाहमा प्रत्यक्ष असर पार्ने गर्दछ। सिरहा नगरपालिकामा देखिएको पछिल्लो विवादले पनि स्थानीय विकास र सेवा प्रवाह प्रभावित हुने चिन्ता बढाएको छ।




माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।



## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

तपसिल

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| 1. | HLI२०२६००००८३३ | मन्जु देवी यादव | सिरहा न.पा-१५, सिरहा |

HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

# जसपा नेपाल विभाजनः सर्वोच्चले सुनायो उपेन्द्र यादवको पक्षमा फैसला

अपन दैनिक संवाददाता
सिरहा, जेठ २१ गते



जसपा नेपाल विभाजनविरुद्धको रिटमा सर्वोच्च अदालतले उपेन्द्र यादवको पक्षमा फैसला गरेको छ। न्यायाधीशहरू कुमार रेग्मी, महेश शर्मा पौडेल र श्रीकान्त पौडेलको पूर्ण इजलासले बिहीबार यस्तो फैसला गरेको हो।

जसपा नेपाल छाडेर अशोक राईसहितका नेताहरूले जनता समाजवादी पार्टी नामक दल दर्ता गरेका थिए। निर्वाचन आयोगले समेत सो दललाई मान्यता दिएको थियो।

सोविरुद्ध यादवले सर्वोच्चमा रिट दायर गरेका थिए। सो रिटमा फैसला गर्दै सर्वोच्चले आयोगको निर्णय गैरकानुनी भएको ठहर गरेको छ।

राजनीतिक दलसम्बन्धी ऐनअनुसार नयाँ दल दर्ता गर्नका लागि ४० प्रतिशत सांसद र ४० प्रतिशत केन्द्रीय सदस्य आवश्यक पर्ने भए पनि राईसँग ४० प्रतिशत केन्द्रीय सदस्य नरहेको यादवले दाबी गरेका थिए।

निर्वाचन आयोगले भने खारेज भइसकेको अध्यादेशअनुसार २० प्रतिशत सांसद वा २० प्रतिशत केन्द्रीय सदस्य भए पनि पुग्ने प्रावधानअनुसार नयाँ दल दर्ता गरिदिएको थियो। निर्वाचन आयोगले वैशाख २४ गते राई नेतृत्वमा पार्टी दर्ता गरेको थियो।

यस्तै यादवले तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई विश्वासको मत दिएको भन्दै अर्को रिट दायर गरेका थिए। सो रिट औचित्यहीन भएको भन्दै सर्वोच्चले खारेज गरिदिएको छ।

## एसइईमा जफत गरिएका एक करोडभन्दा बढी मूल्यका ...........

मोबाइल वा अन्य विद्युतीय उपकरण लैजान प्रतिबन्ध लगाउन तथा जफत गर्न सक्ने व्यवस्था गर्न सक्छ। तर, जफत गरिएका निजी सम्पत्ति स्थायी रूपमा नष्ट गर्ने अधिकार कुन कानुनी प्रावधानबाट प्राप्त हुन्छ भन्ने विषय स्पष्ट हुन आवश्यक रहेको उनीहरूको धारणा छ।

कानुनविद्हरूको भनाइमा, प्रचलित कानुनी व्यवस्थाअनुसार सरकारी नियन्त्रणमा आएका जिन्सी वा बरामद सामग्रीको व्यवस्थापन सम्बन्धित कानुन, निर्णय वा अदालतको आदेशअनुसार हुने गर्दछ। त्यस्ता सामग्रीको लिलाम, फिर्ता वा अन्य व्यवस्थापनका प्रक्रिया कानुनले नै निर्धारण गर्ने भएकाले स्पष्ट कानुनी आधारविने निजी सम्पत्ति नष्ट गरिनु विधिसम्मत प्रक्रियासँग मेल खान्छ वा खाँदैन भन्ने विषयमा कानुनी परीक्षण आवश्यक देखिन्छ।

यसैबीच, उक्त घटनासँग सम्बन्धित अर्को पक्षले पनि बहस जन्माएको छ। अनुगमन टोलीले परीक्षा मर्यादा उल्लंघन भएको पाइएपछि मोबाइलसहित फेला परेका केन्द्राध्यक्ष र निरीक्षकलाई निष्कासन गरेको थियो। तर विद्यार्थीका हकमा मोबाइल जफत गरी स्थायी रूपमा नष्ट गरिनु र परीक्षा सञ्चालनको प्रत्यक्ष जिम्मेवारीमा रहेका केन्द्राध्यक्ष तथा निरीक्षकलाई केवल निष्कासनको कारबाहीमा सीमित राखिनुले दण्डको समानता सम्बन्धी प्रश्न उठाएको छ। कानुनी दृष्टिकोणबाट हेर्दा एउटै घटनामा संलग्न विभिन्न पक्षलाई गरिएको कारबाहीको प्रकृति र गम्भीरताबीच सन्तुलन कायम हुनुपर्ने मान्यता रहेको छ। परीक्षा अनुशासन उल्लंघनमा विद्यार्थीको निजी सम्पत्ति स्थायी रूपमा नष्ट हुने तर परीक्षा सञ्चालनको जिम्मेवारीमा रहेका पदाधिकारीलाई प्रशासनिक कारबाहीमै सीमित राखिनु न्यायोचित र समानुपातिक थियो वा थिएन भन्ने विषयमा सरोकारवालाहरूले स्पष्ट जवाफ माग्न थालेका छन्।

स्थानीय अभिभावक तथा शिक्षा क्षेत्रका व्यक्तिहरूले परीक्षा आचारसंहिता उल्लंघन गर्ने विद्यार्थीमाथि आवश्यक कारबाही हुनुपर्ने स्वीकार गरे पनि करोडौं मूल्यका सामग्री नष्ट गर्नु अन्तिम विकल्प नहुनुपर्ने धारणा राखेका छन्। कतिपयले जरिवाना, चेतावनी वा निश्चित कानुनी प्रक्रिया पूरा गरी सम्बन्धित अभिभावकलाई सामग्री फिर्ता दिने विकल्पबारे पनि विचार गर्न सकिने बताएका छन्।

मोबाइल नष्ट गर्ने कार्य जिल्ला प्रहरी कार्यालय परिसरमा सम्पन्न भएको बताइएपछि प्रहरीको भूमिकामाथि समेत चासो व्यक्त गरिएको छ। बरामद सामग्रीको स्वामित्व पुष्टि, मुचुल्का, अभिलेखीकरण तथा नष्ट गर्ने निर्णयसम्बन्धी सम्पूर्ण प्रक्रिया कानुनबमोजिम पारदर्शी रूपमा पूरा गरिएको थियो वा थिएन भन्ने विषयमा समेत सार्वजनिक जानकारी माग हुन थालेको छ।

कानुनविद्हरूका अनुसार परीक्षा व्यवस्थापन र अनुशासन कायम गर्नु राज्यको दायित्व भए पनि त्यसका लागि चालिने कदम संविधानले प्रत्याभूत गरेको निजी सम्पत्तिको अधिकार, विधिको शासन तथा न्यायिक प्रक्रियाका आधारभूत सिद्धान्तसँग मेल खाने हुनुपर्छ। अन्यथा यस्ता निर्णयहरू भविष्यमा कानुनी विवाद र नजिरको विषय बन्न सक्ने उनीहरूको भनाइ छ।

मधेश प्रदेशमा एसइई परीक्षासँग सम्बन्धित बरामद सामग्री यति ठूलो परिमाणमा नष्ट गरिएको यो पहिलो घटना मानिएको छ। यस घटनाले परीक्षा अनुशासन, सरकारी अधिकारको सीमा, दण्डको समानुपातिकता, निजी सम्पत्तिको संरक्षण तथा प्रशासनिक निर्णयको कानुनी औचित्यमाथि राष्ट्रियस्तरमै गम्भीर बहस सिर्जना गरेको छ।

अब सम्बन्धित निकायले उक्त निर्णयको स्पष्ट कानुनी आधार, प्रयोग गरिएको प्रक्रिया तथा समान दण्ड सिद्धान्तको पालना भएको वा नभएको विषयमा आधिकारिक रूपमा प्रष्ट पार्नुपर्ने माग बढ्दै गएको छ, ताकि परीक्षा व्यवस्थापनमा कडाइ कायम राख्दै नागरिकका संवैधानिक अधिकारप्रति पनि विश्वास कायम रहोस्।


## सिरहा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, सिरहा
मधेश प्रदेश, सिरहा (नेपाल)
प्रशासन शाखा

**तह बृद्धिको लागि निवेदन दर्ता गर्ने सम्वन्धी सूचना ।**

सूचना प्रकाशन मितिः २०८३/०२/२२ गते

मधेश प्रदेश स्थानीय सेवा (गठन तथा संञ्चालन) ऐन, २०८१ को दफा २९ को उपदफा १ र २ बमोजिम तह बृद्धिका लागि यस सिरहा नगरपालिका तथा मातहतका कार्यालयहरुमा कार्यरत स्थानीय स्वास्थ्य सेवाका सहायक पाचौं/छैठौं तहका कर्मचारीहरुको तह बृद्धिको लागि निवेदन साथ देहायका सम्पूर्ण कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र स्थानीय सेवा समूहका अधिकृत स्तर छैठौं/सातौं तहमा तह बृद्धि हुने योग्यता पुगेका उम्मेदवारहरुले यस कार्यालयको webside: www.sirahamun.gov.np मा उपलब्ध फाराम भरी यस कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

देहाय :

१. निवेदन पत्र
२. तह बृद्धि हुने तह भन्दा एक तह मुनिको पदमा पाँच वर्ष अवधि पुगेको प्रमाण खुल्ने कागजात (नियुक्ति पत्र, समायोजन पत्र तथा पदस्थापना भएको पत्रको प्रमाणित प्रतिलिपी।
३. पछिल्लो तिन आ.व.मा कार्यरत रहेको कार्यालयको नाम र ठेगाना।
४. न्यूनतम शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी।
५. गत तीन आ.व.को कार्यसम्पादन मूल्यांकन फारम
६. PIS अद्यावधिक भएको विवरण


# रविको भारत भ्रमण मधेशीलाई राजनीतिक रूपमा किनारा लगाउने रणनीतिः सिके राउत

अपन दैनिक संवाददाता
सिरहा, जेठ २१ गते



जनमत पार्टीका अध्यक्ष डा.सीके राउतले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेको भारत भ्रमण मधेशीलाई राजनीतिक रूपमा किनारा लगाउने रणनीति भएको बताएका छन्। सभापति लामिछानेले बुधबार त्यहाँका प्रधानमन्त्री नरेन्द्र मोदीसँग गरेको भेटवार्तालाई लिएर अध्यक्ष राउतले गम्भीर राजनीतिक टिप्पणी गरेका हुन्।

सभापति लामिछाने र भारतीय प्रधानमन्त्री मोदीबिचको भेटघाट सार्वजनिक भए लगत्तै सामाजिक सञ्जालमार्फत आफ्नो धारणा राख्दै डा.राउतले यो भ्रमण मधेशी समुदायलाई राजनीतिक रूपमा किनारा लगाउने अर्को रणनीतिक योजना नहोस् भनी सचेत गराएका छन्।

अध्यक्ष राउतले वर्तमान राजनीतिक परिदृश्यलाई जोड्दै इतिहासमै पहिलो पटक मधेशी समुदायको छोरा बालेन्द्र शाह प्रधानमन्त्री बनेको अवस्थामा उनको विकल्प खडा गर्न खोजिएको आशङ्का समेत व्यक्त गरेका छन्। उनले भनेका छन्, 'चाहे जसको भरमा होस्, जुनसुकै पार्टीबाट होस्, एउटा मधेशी प्रथम पटक नेपालको प्रधानमन्त्री बनेको छ। तर बडो ऐतिहासिक तामझामको मञ्चन गरेर उसको विकल्प खडा गर्ने र अरू मधेशीलाई झैं उसलाई पनि दुर्दिन र हैसियत देखाइदिने षडयन्त्र बुनिँदैछ।'

लामिछानेको भारत भ्रमणको भित्री उद्देश्य प्रधानमन्त्रीलाई पदबाट हटाउने खेलसँग जोडिएको दाबी समेत राउतले गरेका छन्।

नेपालको राजनीतिक इतिहासमा मधेशी नेताहरूमाथि सधैं प्रहार हुने गरेको उल्लेख गर्दै अध्यक्ष राउतले विगतका घटनाक्रमहरूको स्मरण गराएका छन्। तराई कांग्रेसको स्थापनाकालदेखि हालको जसपा नेपाल र जनमत पार्टीसम्म आइपुग्दा कुनै पनि मधेशी नेतृत्वलाई देशमा स्थायी रूपमा स्थापित हुन नदिइएको उनले टिप्पणी गरेका छन्।

आजसम्म नेपालमा कुनै पनि मधेशी नेतालाई स्थापित हुन नदिएको भन्दै उनले चाहे पार्टी फोडेर होस्, बदनाम गराएर होस्, देशद्रोहीको बिल्ला भिडाएर होस्, पक्राउ र इन्काउन्टर गराएर होस् वा शून्यमा झारेर होस्, मधेशी नेताहरूलाई सधैं पाखा लगाएको गुनासो गरेका छन्।


## बिजुलीको सुरक्षित प्रयोग गरौं।

- भिजेको वा चिसो हातले बिजुलीको तार तथा उपकरण नचलाऔं।
- बालबालिकाले भेट्ने गरी बिजुलीका तार तथा सकेट नराखौं।
- पुराना तथा नाङ्गो तार तत्काल मर्मत गरौं।
- ओभरलोड हुने गरी बिजुलीको प्रयोग नगरौं।
- आगलागी भएमा तत्काल मुख्य स्विच बन्द गरौं।
- जाडो मौसममा हिटर बाल्दा कोठामा पर्याप्त हावा छिर्ने व्यवस्था मिलाऔं।
- रातीको समयमा हिटर बन्द गरेर मात्र सुतौं।

सावधानी अपनाऔं, सुरक्षित रहौं।

कल्याणपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर
मधेश प्रदेश, सिरहा (नेपाल)

## सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं।
- आपसी समझदारी, सहिष्णुता र भाईचारा बढाऔं।
- घृणा, विभेद र हिंसाजन्य व्यवहार त्यागौं।
- पर्व-उत्सवहरू मिलेर मनाऔं।
- अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं।
- संवाद र सहकार्यबाट विवाद समाधान गरौं।
- शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं।

विविधतामा एकता भन्ने भावना विकास गरौं।

लक्ष्मीपुर पतारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, लक्ष्मीपुर पतारी
मधेश प्रदेश, सिरहा (नेपाल)

## सडक सुरक्षा

रात होस् वा दिन, नियम पालना, सुरक्षित यात्रा हाम्रो कामना
मादक पदार्थ सेवन गरी गाडी नकुदाऔं, आफ्नो र अरुको ज्यान बचाऔं।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम